मितिः २०८२/१२/२२
समयः बेलुका ४ बजे
स्थानः नागार्जुन नगरपालिका

नागार्जुन नगरपालिकाका कार्यवाहक नगर प्रमुख श्री सुशिला अधिकारीज्यूको अध्यक्षतामा यस नगरपालिका नगर कार्यपालिकाको नियमित बैठक तपसिलमा उल्लेखित पदाधिकारीहरुको उपस्थितिमा बसी देहायको निर्णय गरियो ।

तपसिल

| सि.नं | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | सुशिला अधिकारी | कार्यवाहक नगर प्रमुख | |
| २ | महेश रिमाल | प्रवक्ता एवम् वडा अध्यक्ष, वडा नं ५ | |
| ३ | रामेश्वर लामा | वडा अध्यक्ष, वडा नं १ | |
| ४ | थुमराज के.सी | वडा अध्यक्ष, वडा नं २ | |
| ५ | उमेश लामा | वडा अध्यक्ष, वडा नं ३ | |
| ६ | लक्ष्मीराम शर्मा पौडेल | वडा अध्यक्ष, वडा नं ४ | |
| ७ | देवेन्द्रराज गिरी | वडा अध्यक्ष, वडा नं ६ | |
| ८ | शैलेन्द्र लामा | वडा अध्यक्ष, वडा नं ७ | |
| ९ | सुरज कुमार पोखरेल | वडा अध्यक्ष, वडा नं ८ | |
| १० | रामकृष्ण भट्टराई | वडा अध्यक्ष, वडा नं ९ | |
| ११ | सुन्दर बहादुर के.सी. | वडा अध्यक्ष, वडा नं १० | |
| १२ | शोभा नेपाली | नगरकार्यपालिका सदस्य | |
| १३ | इशु खड्का | नगरकार्यपालिका सदस्य | |
| १४ | कल्पना बसेल | नगरकार्यपालिका सदस्य | |
| १५ | हम्जुला राई वि.क. | नगरकार्यपालिका सदस्य | |
| १६ | चन्दा सुनार | नगरकार्यपालिका सदस्य | |
| १७ | अम्विका सुनचिउरी गजमेर | नगरकार्यपालिका सदस्य | |
| १८ | रमेश बसेल | नगरकार्यपालिका सदस्य | |
| १९ | कृष्ण बहादुर कुँवर | नि.प्र.प्र.अ. एवम् सदस्य सचिव | |

आमन्त्रित कर्मचारीः-

| सि.नं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री सुनिल आचार्य | वरिष्ठ शाखा अधिकृत | |
| २ | श्री कञ्चन खनाल | प्राविधिक शाखा प्रमुख | |
| ३ | श्री रोशन पोखरेल | सहायक कम्प्यूटर अधिकृत | |
| ४. | श्री सागर खत्री | [illegible] | |

प्रस्तावः-

१. नगर सभा सम्बन्धमा ।

२. विविध

## निर्णयहरू:

**निर्णय नं. १**

मिति २०८२/१२/१५ गते बसेको नगर कार्यपालिकाको बैठकको निर्णयहरू कार्यान्वयनको सम्बन्धमा समिक्षा गरियो ।

**निर्णय नं. २**

नागार्जुन नगरपालिकाको हिउँदे अधिवेशन (नगर सभा) मिति २०८२/१२/२९ गते बिहान ८ बजे गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

यस नगरपालिकाको नगर प्रमुखस्तरीय निर्णयबाट कित्ता नं ३९५, ३९७, ४००, ३९६, ३९९ रोक्का भएको जग्गा काठमाडौं जिल्ला अदालतको च.नं ११९६ को मिति २०८२/१२/१५ गतेको पत्रबाट रोक्का रहेको जग्गा फुकुवा गरिदिने सम्बन्धका पत्राचार भएको हुँदा अन्य निकाय तथा कारणबाट रोक्का राख्नुपर्ने भए सोही बमोजिम हुने गरी जग्गा फुकुवा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

नागार्जुन नगरपालिकाको फोहोर व्यवस्थापन तथा बोलपत्र प्रकाशन गर्ने सम्बन्धमा फोहोर संकलनको लागि आवश्यक तथ्याङ्क संकलन तथा आधार विकास गर्नको लागि थप अध्ययन तथा अनुसन्धान गर्नुपर्ने भएको हुँदा सो कार्यको लागि आवश्यक बजेट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं ५**

नागार्जुन नगरपालिका कर्मचारी प्रशासन सम्वन्धी नियमावली, २०७५ र अन्य ऐन, कार्यविधि, मापदण्ड एवम् नियमावलीहरु आवश्यकता अनुसार संशोधन तथा अटिजम, बौद्धिक अपांगता (डाउन सिण्ड्रोम, सि.पि) भएका व्यक्तिहरुको स्यहार खर्च सम्बन्धी कार्यविधि तर्जुमा गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।